# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, माघ १५ गते, २०७७ साल (सङ्ख्या २७

## भाग ३

प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना**: नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को उपखण्ड (३) को नीतिलाई आत्मसाथ गर्दै प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १४८ बाट बागमती प्रदेश पूर्ण उज्यालो कार्यक्रम मार्फत स्थानीय तहका सबै वडामा आगामी आर्थिक वर्ष भित्र विद्युत वा वैकल्पिक ऊर्जाबाट उज्यालो पुऱ्याउने कार्यक्रम बमोजिम प्रदेशभित्र वैकल्पिक ऊर्जा प्रविधि जडानलाई प्रोत्साहनका लागि अनुदान उपलब्ध गराउने कानूनी व्यवस्थाका लागि प्रदेश विनियोजन ऐन,

२०७७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नवीकरणीय ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्रणाली जडानको लागि मान्यता प्राप्त गरेका दफा ८ बमोजिम कार्यालय दर्ता भएका कम्पनीहरू सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "लाभग्राही वा घरधुरी" भन्नाले प्रवर्द्धन गरिएको वैकल्पिक ऊर्जा प्रविधिहरूको प्रयोगकर्ताहरू सम्झनु पर्छ।

(च) "वैकल्पिक ऊर्जा प्रणाली" भन्नाले यस कार्यविधिको हकमा सौर्य विद्युत प्रणाली, बायोग्याँस प्रणाली, जैविक ऊर्जा प्रणालीहरु (फलामे सुधारिएको चुलो, रकेट स्टोभ र ग्याँसीफायर) सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ज) "हिमाली, पहाडी, भित्री मधेश र काठमाडौं उपत्यकाका जिल्लाहरू" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची-१ मा उल्लिखित सम्बन्धित जिल्लाहरू सम्झनु पर्छ।

३. **<u>माग सङ्कलन</u>**: (१) कार्यालयले प्रत्येक आर्थिक बर्षमा वैकल्पिक ऊर्जा प्रणाली जडानका लागि भदौ मसान्तभित्र सूचना आव्हान गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयले पहिलो पटकलाई यो कार्यविधि स्वीकृत भएको पैंतालीस दिनभित्र सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सूचना प्रकाशन भए पछि सम्बन्धित लाभग्राही वा घरधुरीले अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले एकतीस दिनसम्ममा देहायको विवरण साथै राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) लाभग्राही वा घरधुरीको नागरिकताको प्रतिलिपि,

(ख) आफ्नै घर भएको र सो घरमा वैकल्पिक ऊर्जा प्रणाली जडान गर्ने क्षेत्रफल सहितको जग्गा भएको सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) उक्त निवेदनमा यस भन्दा अघि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सम्बन्धित कार्यमा अनुदान नलिएको हुनु पर्नेछ र अनुदान

प्राप्त नगरेको व्यहोरा समेत निवेदनमा स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनु अघि मन्त्रालयमा इच्छुक लाभग्राही वा घरधुरीबाट कुनै निवेदन प्राप्त भएको रहेछ भने उक्त निवेदन मन्त्रालयले सम्बन्धित कार्यालयमा पठाउन सक्नेछ । प्राप्त निवेदन सम्बन्धित कार्यालयले दफा ५ बमोजिम गठित छनौट समितिमा पेस गर्नेछ।

(५) कार्यालयले लाभग्राही वा घरधुरीबाट प्राप्त निवेदनहरू प्राप्त भए पछि छनौटका लागि दफा ५ बमोजिम गठित छनौट समितिमा पठाउनेछ।

(६) छनौट समितिले कार्यालयबाट छनौटका लागि प्राप्त भएका निवेदन मध्येबाट निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र छनौट गरी सोको जानकारी दफा १४ बमोजिम सूचिकृत कम्पनी तथा स्थानीय तहमा पठाउनेछ।

४. **छनौट प्रक्रिया एवं आधारः** (१) कार्यालयले अनुदानको लागि निवेदन छनौट समितिमा पठाउँदा सबैभन्दा कम मानव विकास सूचकाङ्क भएको स्थानीय तहबाट क्रमशः सुरू गर्नु पर्नेछ ।

(२) मानव विकास सूचकाङ्क कम भएको निवेदकबाट अनुदानको लागि माग भएको सङ्ख्या पुगेमा उक्त स्थानीय तहको निवेदकबाट मात्र छनौट गर्नेछ ।

(३) मानव विकास सूचकाङ्क कम भएको स्थानीय तहबाट मात्र अनुदान प्राप्त गर्ने लाभग्राही वा घरधुरीको सङ्ख्या नपुग भएमा त्यस पछिको मानव विकास सूचकाङ्क भएको स्थानीय तहको निवेदकबाट छनौट गर्नु पर्नेछ ।

(४) कार्यालयले अनुदान कार्यक्रम पहिलो पटकलाई सबैभन्दा कम मानव विकास सूचकाङ्क भएको स्थानीय तह र त्यसपछि त्यस भन्दा एक स्थान बढी मानव विकास सूचकाङ्क भएको स्थानीय तहमा क्रमश लागू गर्दै छनौट समितिमा छनौटका लागि पठाउनेछ।

(५) कार्यालयले दफा ३ को उपदफा (३) वा (४) बमोजिम प्राप्त निवेदनमा अनुसूची-२ बमोजिमको छनौटको आधारहरुबाट प्राप्त प्राप्ताङ्कको आधारमा लाभान्वित घरधुरीको प्राथमिकीकरण सूची तयार छनौटका लागि छनौट समितिमा पेस गर्नेछ।

(६) कार्यालयमा उपदफा (५) बमोजिम वा अन्य कारणले छनौट गर्न नसकिने अवस्था आएमा सम्बन्धित स्थानीय तहलाई सिफारिसको लागि पत्राचार गर्न सक्नेछ । स्थानीय निकायबाट प्राप्त सिफारिस बमोजिम कार्यालयले छनौट समिति मार्फत छनौट गर्न पेस गर्नेछ।

(७) एक आर्थिक वर्षमा निवेदन दिने लाभग्राही वा घरधुरीहरूले एक शीर्षकमा मात्र अनुदान पाउनेछन्।

५. **<u>छनौट समिति</u>**: (१) कार्यालयले पेस गरेका निवेदकबाट अनुदानका लागि लाभग्राही वा घरधुरी छनौटका लागि छनौट समिति रहनेछः-

(क) प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम भएका समानुपातिक प्रदेश सभा सदस्यहरू -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख

वा निजहरूले तोकेको प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयका प्रमुख वा निजले तोकेको कार्यक्रम कार्यान्वयन कार्यालयका अधिकृतस्तरको प्राविधिक प्रतिनिधि -सदस्य-सचिव

(२) समितिको संयोजकको अनुपस्थितिमा उपस्थित प्रदेश सभा सदस्यमध्ये जेष्ठ प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्नेछ।

(३) जिल्लामा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा स्थानीय तहको प्रमुखले समितिको संयोजकको रुपमा कार्य गर्नेछ।

६. **<u>छनौट समितिको काम, कर्तव्य र अधिकार</u>**ः (१) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयबाट संकलित मागहरुको निवेदन मध्ये उपयुक्त मागको निवेदन छनौट गरी अनुदानका लागि कार्यालय समक्ष सिफारिस साथ पठाउने,

(ख) कार्यालयबाट कार्यान्वयनका लागि अनुदानका लागि छनौट गर्न नसकिने अवस्था आएमा समितिले सम्बन्धित स्थानीय तहलाई लाभग्राही वा घरधुरिको प्राथमिकता तोकी सम्बन्धित कार्यालयमा सिफारिस साथ पठाउने गरी पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने। उक्त पत्राचार बमोजिम प्राथमिकता तोकि आएमा सोही बमोजिम छनौट गरी अनुदानका लागि कार्यालय समक्ष सिफारिस साथ पठाउने,

(ग) सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गर्ने,

(घ) अनुदान बितरणलाई पारदर्शी, समावेशी, औचित्यपूर्ण तथा सहज बनाउने सम्बन्धी बिषयमा आवश्यक समन्वय गर्ने,

(ङ) अनुदान कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने,

(च) आवश्यकता अनुसार कार्यालयमा वा संयोजकले तोकेको स्थानमा वैठक सञ्चालन गर्ने।

(२) छनौट समितिले लाभग्राही छनौट गर्दा अनुसूची-२ लाई आधार मानी छनौट गर्नु पर्नेछ ।

७. **<u>बैठक सम्बन्धी कार्यविधि</u>ः** (१) समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(२) छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) छनौट समितिले बैठकमा आवश्यक परेमा प्रदेशको कुनै पनि मन्त्रालयबाट विज्ञ आमन्त्रण गर्न सक्नेछ।

(४) समितिलाई नियमानुसार वैठक भत्ता उपलब्ध हुनेछ।

८. **<u>प्राविधिक गुणस्तर</u>ः** (१) यस कार्यविधि बमोजिम निर्माण कार्यमा उपयोग हुने उपकरणहरू नेपाल फोटोभोल्टेक गुणस्तर र नेपाल सरकारबाट निर्धारित प्राविधिक मापदण्ड बमोजिम हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपकरणहरू नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा परीक्षण गरी प्रमाणीकरण भएको हुनु पर्नेछ। नवीकरणीय ऊर्जा परीक्षण केन्द्रमा परीक्षण सुविधा नभएका प्रणालीहरूको हकमा आधिकारिक अन्तर्राष्ट्रिय परीक्षण केन्द्रमा परीक्षण गरी प्रमाणीकरण भएको हुनु पर्नेछ।

(३) अन्तर्राष्ट्रिय स्तरका प्रविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित सामग्रीको प्राविधिक स्तर र प्रमाणपत्रको प्रमाणीकरण नेपाल सरकारबाट वा नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रले तोकेको आधिकारीक निकायबाट समेत गर्न सकिनेछ।

९. **आपूर्ति गुणस्तर**: यस कार्यविधि बमोजिम घरेलु प्रणालीको आपूर्ति तथा जडानको लागि उत्पादन र जडान वा बिक्री पछिको सेवा लगायत अन्य कुनै पनि सेवाहरू प्रदान गर्ने कम्पनीहरूको गुणस्तर मापन देहायको आधारमा हुनेछः-

(क) वैकल्पिक ऊर्जा प्रणाली केन्द्रबाट बाह्य पहुँच सञ्जाल,

(ख) मानव श्रोतको उपलब्धता,

(ग) कारोबार रकम,

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव,

(ङ) समग्र गुणस्तर नियन्त्रण पद्दति,

(च) प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको,

(छ) कम्पनीको प्रवन्धपत्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्न उद्देश्य उल्लेख भएको।

१०. **उपलब्ध उत्तम प्रविधी**: (१) यस कार्यविधि बमोजिम सुचीकृत कम्पनीले लाभग्राहीको लागि कार्य गर्दा उपलब्ध उत्तम प्रविधिको सिद्धान्त अनुसार कुनै खास नवीकरणीय ऊर्जा प्रविधिको उपयुक्तता सरलीकृत मूल्याङ्कनको माध्यमबाट खास प्रविधिको लागत अन्य उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिहरूको उपलब्धता र लागतसँग तुलना गरी मूल्याङ्कनको आधारमा गर्नु पर्नेछ।

(२) कार्यालयले लाभग्राही वा घरधुरीको प्राविधिक र आर्थिक पक्षको प्रमाणीकरण गर्ने तथा जडान गरिने प्रणालीहरुको कार्यान्वयन तथा अनुगमन गर्ने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको उपलब्ध उत्तम प्रविधिको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा गर्न सक्नेछ।

११. **घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण**: (१) यस कार्यविधि बमोजिम कार्यालयले घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण गर्न आवश्यक देखेमा देहायको आधार लिई गर्न सक्नेछः-

(क) प्रदेशले अघिल्ला वर्षमा सोही प्रकृतिका प्रणाली उपलब्ध गराउँदा लागेको वास्तविक लागत रकम,

(ख) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले अघिल्ला वर्षमा सोही प्रकृतिका प्रणाली उपलब्ध गराउँदा लागेको वास्तविक लागत रकम,

(ग) स्थानीय बजारमा रहेको प्रचलित मूल्यदर,

(घ) उद्योग वाणिज्य महासंघले उपलब्ध गराएको दररेट वा सम्बन्धित व्यवसायिक संगठनहरूले समय समयमा प्रकाशित गरेको अधिकतम मूल्यदर (एम आर पि),

(ङ) कुनै संघीय वा प्रदेश स्तरका सरकारी निकायले समेत प्रणाली खरिद तथा जडान गर्दै आएकोमा त्यस्ता निकायले खरिद गरी लिएको दर,

(च) अन्तर्राष्ट्रिय बजारमा प्रचलित मूल्यदर।

(२) उपदफा (१) बमोजिम कार्यालयले आधार मूल्य निर्धारण गरेमा यस कार्यविधि बमोजिम कार्य गर्ने कम्पनीले सोही मूल्यलाई आधार लिई गर्नु पर्नेछ।

१२. **<u>कम्पनीहरू सुचिकृत सम्बन्धी व्यवस्थाः</u>** (१) कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्रणाली जडानको लागि मान्यता प्राप्त गरेका कम्पनीहरूले देहायको कागजातको प्रतिलिपि संलग्न गरी सम्बन्धित कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर चुक्ता प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार कम्पनीको इजाजतपत्र।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात् कार्यालयले दफा ९ समेतलाई आधार मानी आवश्यक जाँचबुझ गरी उपयुक्त र योग्य ठहरीएको कम्पनीलाई दर्ता गराई अनुसूची-४ बमोजिमको ढाँचामा निस्सा निवेदकलाई दिनु पर्नेछ र सोको अभिलेख राखी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मौजुदा सूचिको विवरण सम्बन्धित स्थानीय तहको सूचना पाटीमा टाँस गरी वा सम्बन्धित कार्यालयको वेबसाइटमा राखी वार्षिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

१३. **<u>आयोजना कार्यान्वयनः</u>** (१) कार्यालयले दफा ५ बमोजिम छनौट समितिबाट अनुदानका लागि छनौट भएका लाभग्राही घरधुरीलाई पत्र मार्फत जानकारीका लागि सम्बन्धित स्थानीय तहमा पठाउने छ।उक्त स्थानीय तहले स्वयम् वा सम्बन्धित वडा कार्यालय

मार्फत जानकारीका लागि पठाउने छ र सो स्थानीय तह वा वडा कार्यालयले सम्बन्धित लाभग्राही वा घरधुरीलाई जानकारी गराउने छ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त गरे पश्चात वा अन्य कुनै माध्यमबाट छनौट भएको सूचना  प्राप्त गरे पश्चात् लाभग्राही वा घरधुरीले अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) कार्यालयले उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पश्चात दफा ५ बमोजिमको समितिले छनौट गरेको लाभग्राही वा घरधुरी हो वा होईन भिडाई छनौट गरेको लाभग्राही वा घरधुरी भएमा दफा १२ बमोजिम सूचिकृत कम्पनीहरू मध्येबाट लाभग्राही वा घरधुरीको स्वेच्छा तथा रोजाईमा छनौट गर्न लगाई लाभग्राही वा घरधुरी र कम्पनी बिच कार्य सम्झौता गर्न स्वीकृति प्रदान गर्नेछ।

(४) कार्यालयले उपदफा (३) बमोजिम स्वीकृति प्रदान गरेपछि सोको जानकारी सम्बन्धित कम्पनी र स्थानीय तहलाई गराउनेछ।

(५) लाभग्राही वा घरधुरी र कम्पनी बीच अनुसूची-६ बमोजिमको ढाँचामा कार्य सम्झौता गरी सो को तीन प्रति तयार गरी एक-एक प्रति लिने दिने गरी अर्को एक प्रति जानकारीको लागि कार्यालयमा सम्बन्धित उपभोक्ता तथा लाभग्राही वा कम्पनीले बुझाउनु पर्नेछ।

(६) सम्बन्धित कम्पनीले पनि उपदफा (५) बमोजिम सम्झौता गरी सोको एक प्रति कार्यालयमा बुझाउनु पर्नेछ।

(७) कार्यालयबाट उपदफा (३) बमोजिम स्वीकृत लाभग्राही वा घरधुरीले छनौट गरेको दफा ८ बमोजिम सूचिकृत कम्पनीबाट कार्य सम्पन्न गर्नेछ।

(८) यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा जडान सामग्रीहरू नविकरणीय ऊर्जा परीक्षण केन्द्रवाट प्रमाणीकरण भएका उपकरण तथा प्रविधिमात्र प्रयोग गर्नु पर्नेछ।

(९) कार्य सम्पन्न भएपछि कम्पनीले सेवाग्राहीले पाउने अनुदानको लागि आवश्यक कागजातहरू सहित अनुसूची-७ बमोजिमको ढाँचामा अनुदान आवेदन फारामको निवेदन भर्नु पर्नेछ। लाभग्राही वा घरधुरीले सूचिकृत कम्पनी मार्फत अनुदानको लागि आवेदन फारम साथ देहाय बमोजिमका कागजातहरू संलग्न गरी कार्यालयमा बुझाउनु पर्नेछः-

(क) लाभग्राही वा घरधुरीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बिल तथा कर बिजकको प्रतिलिपि,

(ग) विद्युत उपयोग गर्ने भएमा विद्युत महसुल तिरेको बिलको प्रतिलिपि,

(घ) घरधनी वा नजिकको नाता पर्ने व्यक्ति र वैकल्पिक ऊर्जा प्रणालीको स्पष्ट देखिने गरी खिचिएको फोटो र प्रणाली जडानमा प्रयोग हुने सम्पूर्ण उपकरण हरूको फोटो,

(ङ) बिक्री पछिको सेवा प्रदान गर्ने सम्झौता पत्रको र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि,

(च) आफ्नो बैंकमा रहेको चेकको प्रतिलिपि (खाता नं. र नामको शुद्धताको लागि),

(छ) प्रविधि जडान भएको ब्यहोराको सम्बन्धित स्थानीय तहको सिफारीस,

(ज) कम्पनीले यस कार्यको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट कुनै अनुदान नलिएको पत्र।

(१०) कार्यालयले आवेदन फारम प्राप्त भएपछि अनुदान रकम स्वीकृतका लागि पूरा गर्नुपर्ने आधार शर्त तथा कागजातहरू आदि जाँच गरी उपयुक्त देखिएमा कार्यालयले पाँच प्रतिशत बिक्रीपछिको सेवाको लागि धरौटी खातामा जम्मा गरी बाँकी रकम सम्बन्धित लाभग्राही वा घरधुरीको बैंक खातामा नै अनुदान रकम भुक्तानी गरिनेछ।

१४. <u>**सौर्य ऊर्जा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा नपुगेको क्षेत्रः**</u> राष्ट्रिय प्रसारण लाइन र अन्य वैकल्पिक ऊर्जा स्रोतबाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा सौर्य ऊर्जाबाट विद्युत उपलब्ध गराउन सौर्य घरेलु विद्युत प्रणाली अन्तर्गत सौर्य घरायसी विद्युत सेवाको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराइनेछः-

| सौर्य प्रणाली क्षमता | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | हिमाली जिल्लाहरू | पहाडी जिल्लाहरू | भित्री मधेश वा काठमाडौं उपत्यकाका जिल्लाहरू |
| १० देखि २० वाट पिक क्षमताका साना घरेलु सौर्य प्रणाली (प्रति लाभग्राही वा घरधुरी प्रति प्रणाली) | ५,०००/- | ४,८००/- | ४,५००/- |

| | | | |
|---|---|---|---|
| ५० वाट पिक क्षमता वा सो भन्दा बढीका घरेलु सौर्य प्रणाली (प्रति लाभग्राही वा घरधुरी प्रति प्रणाली) | १०,०००/- | ९,०००/- | ८,०००/- |

१५. **<u>वायोग्याँसः</u>** यस अनुदानको लागि घरायसी, सार्वजनिक संस्था, व्यावसायिक संस्थाहरू, समुदायहरूको ऊर्जाको लागि आवश्यकता पूरा गर्न जी.जी.सी. (गोबर ग्यास कम्पनी) २०४७ मोडेल, सुधारिएको जी.जी.सी. २०४७ मोडेल तथा अन्य आधुनिक किफायती विभिन्न क्षमताका मोडेलहरु समेत योग्य हुनेछन्।

१६. **<u>घरायसी बायोग्याँस प्लान्टः</u>** (१) गाई भैसीको गोवर मुख्य पदार्थको रुपमा प्रयोग गरी घरायसी प्रयोजनका लागि निर्माण गरिने वायोग्याँस प्लान्टहरुमा प्रति घरधुरीमा दिइने अनुदान देहाय बमोजिम हुनेछः-

| **क्षेत्र** | **अनुदान रकम (रु.मा)** | | |
|---|---|---|---|
| | **२ घनमिटर प्लान्ट क्षमता** | **४ घनमिटर प्लान्ट क्षमता** | **६ घनमिटर वा सो भन्दा बढी प्लान्ट क्षमता** |
| हिमाली जिल्लाहरू | २५,०००/- | ३०,०००/- | ३५,०००/- |
| पहाडी जिल्लाहरू | २०,०००/- | २५,०००/- | ३०,०००/- |
| भित्री मधेश वा काठमाडौं उपत्यकाका जिल्लाहरू | १६,०००/- | २०,०००/- | २४,०००/- |

(२) लक्षित लाभान्वित वर्गका लागि माथि उल्लेखित अनुदान रकमको दश प्रतिशत थप रकम उपलब्ध गराइनेछ।

(३) भान्छाबाट निस्कने फोहर तथा अन्य घरायसी जैविक बस्तुहरू अधिकतम प्रयोग गरी वातावरण सुधार गर्ने तथा आयातित इन्धनलाई प्रतिस्थापन गर्न निर्धारित डिजाइनको चार घनमिटर वा सो भन्दा कम क्षमताका वायोग्याँस प्लान्टहरूका लागि प्रति घरधुरी अधिकतम दश हजार रूपैंया भन्दा बढी नहुने गरी कुल लागतको अधिकतम पचास प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइनेछ।

१७. **फोहोरवाट ऊर्जामा आधारित वायोग्याँसः** (१) फोहोरबाट ऊर्जा उत्पादनको लागि बाह्र दशमलब पाँच घन मिटर देखि पैंतीस घन मिटर क्षमताको वायोग्याँस प्लाण्टलाई सानो, पैंतीस घन मिटर देखि एकसय घन मिटर क्षमताको वायोग्याँस प्लान्टलाई मध्यम र एकसय घन मिटर भन्दा वढी क्षमताको वायोग्याँस प्लान्टलाई ठूला क्षमताको वायोग्याँस प्लाण्टको रुपमा मानिनेछ।

(२) पाठशाला, क्याम्पस, अस्पताल, प्रदेश प्रहरी व्यारेक, वृद्धाश्रम र धार्मिक क्षेत्र जस्ता सार्वजनिक संस्थाहरूबाट निस्कने मानव मलमूत्र, ठोस फोहोर, कृषिजन्य पदार्थ आदि प्रयोग गर्ने वायोग्याँस प्लान्टहरु संस्थागत अनुदानका लागि योग्य हुनेछन्

(३) वायोग्याँस उत्पादनको राम्रो सम्भावना भएका जैविक फोहोर निस्कने कुखुरा फार्म, गाई भैंसी गोठ, पशुवधशाला, साना तथा घरेलु उद्योगहरू, ठूला उद्योग आदि जस्ता निजी उद्यमका रुपमा रहेका सबै प्रकारका संस्थाहरूलाई व्यापारिक प्रतिष्ठानको रुपमा मानिनेछ ।

(४) खेर जाने कुहिने जैविक पदार्थको मात्रा उच्च रहेका व्यावसायिक प्रतिष्ठानहरूमा वायोग्याँस उत्पादनको सम्भावना उच्च

रहेकोले त्यसरी उत्पादन गरिने ऊर्जा आफैं प्रयोग गर्ने वा अन्य नजिकका घरधुरीलाई वितरण गरिनेछ । त्यस्ता प्रकारका साना, मध्यम तथा ठूला वायोग्याँस प्लान्टहरू व्यावसायिक वर्गीकरण अन्तर्गत अनुदानको लागि योग्य मानिनेछ ।

(५) अनुदानको हकमा स्थानीय तहभित्रको ठोस पदार्थवाट वायोग्याँस उत्पादनको लागि दिइने अनुदानको दर वायोग्याँस उत्पादन क्षमताको आधारमा देहाय बमोजिम हुनेछः-

| वायोग्याँस प्लान्ट | अनुदार रकम (रू. मा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तापीय प्रयोगका लागि प्रति घनमिटर वायोग्याँसबाट प्रतिदिन (साधारण तापक्रम चापको आधारमा) | | | | | | प्रति कि.वा. विद्युत शक्ति उत्पादनका लागि ( २४ घण्टाको आधार भारका लागि) थप अनुदान |
| | भित्रि मधेश वा काठमाण्डौं उपत्यकाका जिल्लाहरू | | | पहाडी जिल्लाहरू | | | |
| | सानो | मध्यम | ठूलो | सानो | मध्यम | ठूलो | |
| व्यावसायिक वायोग्याँस प्लान्ट | २०,००० | २५,००० | ३०,००० | २४,००० | ३०,००० | ३६,००० | ६५,००० |
| सार्वजनिक निकायमा निर्माण गरिने वायोग्याँस प्लाण्ट | ५७,०००/- | | | ६८,०००/- | | | १,८५,०००/- |
| सामुदायिक वायोग्याँस प्लाण्ट | ४५,०००/- | | | ५४,०००/- | | | १,५०,०००/- |
| स्थानीय तहबाट | रू दुई लाखमा नवढ्ने गरी कूल लागतको चालिस प्रतिशत सम्म। | | | रु. दुई लाख चालिस हजारमा नबढ्ने गरी कूल लागतको | | | रु. चार लाखमा |

| | | | |
|---|---|---|---|
| निस्कने फोहरबाट वायोग्याँस ऊर्जा प्रणाली निर्माण गर्दा | | चालीस प्रतिशत सम्म । | नवढ्ने गरी कूल विद्युतीकरण लागतको चालीस प्रतिशत सम्म। |

**१८.** **<u>जैविक ऊर्जा</u>**: (१) जैविक ऊर्जा प्रविधि वा प्रणालीमा देहायको आधारमा देहाय बमोजिम अनुदान रकम उपलब्ध गराइनेछः-

(क) घरायसी माटोको सुधारिएको चुल्होको प्रवर्द्धनको लागि प्रत्यक्ष अनुदान उपलब्ध गराइने छैन ।

तर प्रदेश सरकारले पहिचान गरेका लक्षित घरपरिवार अन्तर्गतका बालबालिकाको समेत पालनपोषण गर्नु पर्ने घरमुली महिला र लोपोन्मुख जनजातिको लागि घरपरिवारलाई माटोको चुल्हो जडान गर्न स्थानीय निकाय मार्फत आर्थिक सहयोग उपलब्ध गराउन प्रोत्साहन गरिनेछ ।

(ख) समुद्र सतहदेखि एक हजार पाँच सय मीटर भन्दा उचाइ भएका क्षेत्रमा खाना पकाउन र कोठा तताउन प्रयोग हुने एक वा दुई मुखे फलामे सुधारिएको चुल्होलाई प्रति चुल्हो प्रति घरधुरी अधिकतम तीन हजार रुपैयाँ,

(ग) तीन मुखे फलामे चुल्होलाई प्रति चुल्हो प्रति घरधुरी अधिकतम चार हजार रुपैयाँ भन्दा बढी नहुने गरी पचास प्रतिशतसम्म अनुदान

रकम उपलब्ध गराइनेछ। यस किसिमको चुल्लोमा हिमाली जिल्लाहरूको क्षेत्र र पहाडी जिल्लाहरूको क्षेत्रका लागि प्रति चुल्लो प्रति घरधुरी क्रमशः एक हजार रूपैयाँ र पाच सय रूपैयाँ थप अनुदान उपलब्ध गराइनेछ,

(घ) सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ्य केन्द्र, प्रदेश प्रहरी ब्यारेक, धार्मिक स्थल तथा अनाथाश्रमहरूमा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि फलामे सुधारिएको चुल्होमा प्रति चुल्हो अधिकतम बीस हजार रूपैयाँ भन्दा बढी नहुने गरी कूल मूल्यको पचास प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइनेछ,

(ङ) ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एकमुखे वा दुईमुखे पूर्ण रुपमा वा आंशिकरुपमा फलामे रकेट चुल्होमा अधिकतम तीन हजार रूपैयाँ भन्दा बढी नहुनेगरी कूल मूल्यको पचास प्रतिशतसम्म अनुदान दिइनेछ।

(च) ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एक मुखे वा दुई मुखे पूर्ण रुपमा वा आंशिक रुपमा फलामे ग्याँसीफायर प्रणालीका घरेलु चुल्होमा अधिकतम् चार हजार रुपैयाँ भन्दा बढी नहुने गरी कूल मूल्यको पचास प्रतिशतसम्म अनुदान रकम दिइनेछ।

(छ) ग्याँसीफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरी लघु, साना र मझौला उद्यमहरूमा कृषिजन्य

बस्तुको प्रशोधनको लागि फलामे ग्याँसीफायरमा अधिकतम एक लाख पचास हजार रुपैयाँ भन्दा बढी नहुने गरी कूल मूल्यको पचास प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइनेछ।

(ज) घरायसी फलामको सुधारिएको चुल्हो जडान गर्न लक्षित लाभान्वित वर्गलाई प्रति चुल्हो प्रति घरधुरी थप एक हजार रुपैयाँ अनुदान रकम उपलब्ध गराइनेछ।

(२) राष्ट्रिय प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा स्रोतबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा विद्युतीकरण गर्न जैविक ऊर्जा स्रोतबाट पाँच किलोवाट भन्दा माथि एक सय किलोवाटसम्म क्षमताका विद्युतीय आयोजनाहरुका लागि अनुदान देहाय बमोजिम आयोजनामा आधारित वा ऊर्जा खपतमा आधारित मध्ये सम्बन्धित आयोजना सञ्चालकले रोजेको कुनै एक तरिका अनुसार उपलब्ध गराइनेछः-

| अनुदान वर्गीकरण | अनुदान रकम (रु. मा) | | |
|---|---|---|---|
| | हिमाली जिल्लाहरू | पहाडी जिल्लाहरू | भित्री मधेश वा काठमाडौं उपत्यकाका जिल्लाहरू |
| (क) आयोजनामा आधारित अनुदान | | | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,०००/- | ३०,०००/- | २८,०००/- |

| | | | |
|---|---|---|---|
| उत्पादन प्रणालिका लागि (प्रति किलोवाट) | १,२५,०००/- | १,१०,०००/- | १,००,०००/- |
| तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम अनुदान रकम हिमाली, पहाडी र भित्रि मधेश वा काठमाण्डौं उपत्यकाका जिल्लाहरूमा क्रमश रू.४,४५,०००/-, रु.४,१०,०००/- र रु.३,८०,०००/- भन्दा बढी हुने छैन । वितरण प्रणालीमा अनुदान प्रति किलोवाट अधिकतम १० घरधुरीलाई उपलब्ध गराइनेछ । | | | |
| (ख) ऊर्जा खपतमा आधारित अनुदान | | | |
| वा ऊर्जा खपत (किलोवाट घण्टा) | ५०% | ५०% | ५०% |
| यदि ऊर्जा खपतको लागि अनुदान दिइने भएमा वास्तविक ऊर्जा खपत (प्रति किलोवाट घण्टा) को आधारमा विद्युत उत्पादन शुरु भएको ५ बर्षको अवधिसम्म मात्र सम्बन्धित आयोजना बिकासकर्तालाई भुक्तानी गरिनेछ। | | | |

१९. **<u>विद्युतीय चुलो सम्बन्धमा</u>ः** (१) मन्त्रालयले विद्युतीय (इन्डक्सन) चुलोलाई प्रोत्साहन गरी विद्युत खपत वृद्धी गर्न अफ-पिक समयमा विद्युत उपयोग गर्दा सोही समयमा सिलिण्डर ग्याँस प्रयोग गर्दाको फरक रकम मूल्याङ्कन गर्न लगाई सो फरक रकम बराबरको दैनिक दुई घण्टा विद्युत खपत बापत गणना गरी आएको जम्मा रकम अनुदान स्वरुप दिने व्यवस्था गर्नेछ।

(२) यस कार्यविधिको अधिनमा रही मन्त्रालयले विद्युतीय (इन्डक्सन) चुलो किन्दा रू. १००० अनुदान दिने व्यवस्था गर्न सक्नेछ।

२०. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदानका लागि कार्यालयमा दिने निवेदन**

मितिः-........./..../....

श्री कार्यालय प्रमुखज्यू,
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,
................................ जिल्ला।

महोदय,
वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को दफा ३ को उपदफा (३) बमोजिम मैले ............................................................ वैकल्पिक ऊर्जा जडानका लागि संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। साथै मैले यस भन्दा अघि माथि उल्लेखित वैकल्पिक ऊर्जाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन । झुट्टा ठहरीए प्रचलित कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुर छ ।

१. नाम, थरः ...........................................................
२. लिङ्गः (क) पुरुष (ख) महिला (ग) अन्य
३. पारिवारिक विवरणः

(अ) वर्ग/समूहः (तपाईं आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनु हुन्छ? छान्नुहोस)

| (क) आदिबासी जनजाती | (ख) दलित | (ग) वैश्य | (घ) मुसलमान | (ङ) ब्राह्मण | (च) क्षेत्री | (छ) मधेशी | (ज) अन्य |
|---|---|---|---|---|---|---|---|

(आ) अल्पसंख्यक समूदायः हो/होईन
(इ) लोपोन्मुख जनजातीः हो/होईन
(ई) सीमान्तकृत वर्गः हो/होईन (यदि हो भने, अतिसीमान्तकृत वर्गः हो/होईन)
(उ) परिवारको संख्याः जम्माः ........... महिलाः............ पुरुषः ...........
१८-५९ उमेर समूहको सदस्य सङ्ख्याः .......................
(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस)

१. नामः ......................... उमेरः................ अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नामः ......................... उमेरः................ अशक्तताको प्रकृतिः पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

(ए) निवेदक ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अशक्त वा असहाय, पिछडिएका महिला, दलित, आदिवासी जनजाति, उत्पिडित वर्ग, पिछडा वर्ग, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न उल्लेख गर्ने ।

४. हाल प्रयोगमा रहेको घरको क्षेत्रफल (वर्गफिटमा) :

५. घरभित्रको भुई (रेजा लगाउने): माटो / ईटा ढुङ्गा आदि / सिमेन्ट

६. घरको गारो (रेजा लगाउने) :

- बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी
- नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी
- मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी

७. घरको छानो (रेजा लगाउने)

- फुस, आसवेटस,स्याउला,प्लाष्टिक सिट आदी
- खपटा, टायल, टिन
- ढलान,कर्कट पाता

८. जग्गाको स्वामित्व (रेजा लगाउने)

- लालपूर्जा भएको वा गाँउब्लक (स्वामित्व पाउन सकिने) वा स्थानिय तहको सिफारीस (स्वबासी र विवाद रहित)
- नदीताल किनारामा बसोबास गरेको

९. हाल बसोबास रहेको बाहेक खेती योग्य जग्गा (रेजा लगाउने)

- अन्यत्र जग्गा नभएको
- अन्यत्र जग्गा भएको

१०. घरमूलीको हकमा (रेजा लगाउने)

- अति विपन्न, असहाय, असक्त, अपांग, वृद्धवृद्धा, अनाथ, बालबालिका, एकल महिला, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख जनजाती, सीमान्तकृत बर्ग, जस्ता घरमूली लाभग्राही भएका
- अन्य

११. रोजगारी

- मौसमी श्रमिक/ज्यालादारी भएको
- सरकारी कार्यालय, अन्य संघ संस्थामा स्थायी वा करार जागिर भएको

१२. स्थायी ठेगानाः प्रदेश...............जिल्ला.....................न.पा./गा.पा................ वडा नं....

१३. अस्थायी ठेगानाः प्रदेश.................... जिल्ला..............न.पा./गा.पा................ वडा नं....

१४. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोवाइल नं...................................... ईमेल...............................

१५. संलग्न कागजातः-

(क) लाभग्राही वा घरधुरीको नागरिकताको प्रतिलिपि/प्रतिलिपिहरू।

(ख) आफ्नै घर भएको सम्बन्धित स्थानिय तहको सिफारिस।

१६. यसमा लेखीएको ब्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>सिफारिस गर्ने</u>

नामः-

हस्ताक्षरः-

पदः वडा अध्यक्ष

मितिः-

वडा कार्यालयको सहिछापः-

<u>निवेदन दिने लाभग्राही वा घरधुरीको</u>

नामः-

हस्ताक्षरः-

मितिः-

अनुसूची-२
(दफा ४ को उपदफा (५) र दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**लाभग्राहीहरुको छनौटका आधारहरु**

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१५<br>३० देखी ६० सम्म -१०<br>६० भन्दा बढी -५ | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखी १०० -५<br>१०० भन्दा बढी -० | |
| ३ | घरभित्रको भुई | माटो -१०<br>ईटा ढुङ्गा आदी -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने। |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी -० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने। |
| ५ | घरको छानो | फुस, आसवेटस,स्याउला,प्लाष्टिक सिट आदी -१०<br>खपटा, टायल, टिन -५<br>ढलान,कर्कट पाता -० | |

| | | | |
|---|---|---|---|
| ६ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाँउब्लक ( स्वामित्व पाउन सकिने) वा स्थानिय तहको सिफारीस (स्वबासी र विवाद रहित ) -१० <br> नदीताल किनारामा बसोबास गरेको -० | |
| ७ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१० <br> अन्यत्र जग्गा भएको -० | |
| ८ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, अपांग, वृद्धवृद्धा, अनाथ, बालबालिका, एकल महिला, दलित, अल्पसंख्यक, लोपोन्मुख जनजाती, सीमान्तकृत बर्ग, जस्ता घरमूली लाभग्राही भएका -१५ <br> अन्य -० | |
| ९ | रोजगारी | मौसमी श्रमिक/ज्यालादारी भएको-१० <br> सरकारी कार्यालय, अन्य संघ संस्थामा स्थायी वा करार जागिर भएको -० | |

अनुसूची-३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**कम्पनी सुचिकृत हुनका लागि दिइने निवेनको ढाँचा**

मितिः-........./..../....

श्री कार्यालय प्रमुख ज्यू,
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,
................................ जिल्ला ।

बिषयः- कम्पनी सुचिकृत गरी पाउँ।

वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को दफा १२ को उपदफा (१) बमोजिम कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्रणाली जडानका लागि मान्यता प्राप्त गरी सम्बन्धित लाभग्राही वा घरधुरी सँग कार्य सम्झौताका लागि तपशिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी कम्पनी सुचिकृत हुन यो निवेदन पेश गरेको छु।

तपशिलः

| | |
|---|---|
| १. कम्पनी सुचिकृत हुनका लागि निवेदन दिने व्यक्ति वा कम्पनीको विवरण | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं. |
| २. कम्पनी सुचिकृत हुनका लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) कम्पनी दर्ताको प्रमाणपत्र, छ ☐ छैन ☐<br>(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, छ ☐ छैन ☐<br>(ग) कर चुक्ता प्रमाणपत्र, छ ☐ छैन ☐<br>(घ) आवश्यकता अनुसार कम्पनिको इजाजतपत्र। छ ☐ छैन ☐ | |

अनुसूची-४

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कम्पनी सुचिकृत भएको निस्साको ढाँचा</u>**

प्रदेश सरकार

बागमती प्रदेश

भौतिक पूर्वाधार विकास मन्त्रालय

जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय

..............जिल्ला

श्री .....................................कार्यालय

................................................।

**<u>कम्पनी सूचिकृत भई दर्ता भएको प्रमाण</u>**

प्र.प.नं. :

सूची दर्ता नं. :

श्री ................................................................................ बाट यस जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय .............. जिल्लामा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्रणाली जडानका लागि मान्यता प्राप्त गरी सम्बन्धित लाभग्राही वा घरधुरीसँग कार्य सम्झौताका लागि कम्पनी सूचिकृत हुन पाउँ भनी मिति........................... मा यस कार्यालयमा निवेदन प्राप्त हुन आएकोले कम्पनी सूचिकृत गरी यो निस्सा/प्रमाण उपलब्ध गराइएको छ ।

दर्ता गर्ने अधिकारीको,-

नामः

पदः

मितिः

दस्तखतः

अनुसूची-५

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**कम्पनी छनौट तथा कार्य सम्झौताका लागि दिइने निवेदन**

मितिः-........./..../....

श्री कार्यालय प्रमुख ज्यू,
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,
................................ जिल्ला।

महोदय,

वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को दफा १३ को उपदफा (२) बमोजिम मैले ........................................................... वैकल्पिक ऊर्जा जडानका लागि छनौट भएको ब्यहोरा सम्बन्धित वडा कार्यालय मार्फत/आफैं जानकारी प्राप्त गरी ................................................................ कम्पनी मार्फत वैकल्पिक ऊर्जा प्रणाली निर्माण गर्न कार्य सम्झौता गरी सोको प्रतिलिपि समेत संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदन दिने लाभग्राही वा घरधुरीको
नामः-
हस्ताक्षरः-
मितिः-

अनुसूची-६

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

**<u>वैकल्पिक ऊर्जा प्रणाली जडान गर्ने सम्झौता-पत्र</u>**

| | |
|---|---|
| सम्झौता गर्ने घरधनी क्रम सङ्ख्या | |
| सम्झौता क्रमाङ्क सङ्ख्या | |

वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ अन्तर्गत ............................................. वैकल्पिक ऊर्जा प्रणाली जडान गर्न ............... जिल्ला...........................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं....................... गाँउ/टोल....................बस्ने श्री........................................................ को नाति/नातिनी/बुहारी श्री......................................................को छोरा/छोरी/श्रीमती वर्ष...... को लाभग्राही वा घरधुरी श्री ..................................(यस पछि प्रथम पक्ष भनिने) र ................................ कम्पनी (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही मिति २०......... साल .............. महिना........ गतेका दिन कार्य सम्पन्न गर्नका लागि मञ्जुर भई तीन प्रतिमा सही छाप दस्तखत गरी एक-एक प्रति लियौं दियौं र एक प्रति कार्यालयमा जानकारीका लागि पठायौं।

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरू**

१. मैले वैकल्पिक ऊर्जा अन्तर्गतको .......................... प्रणाली जडान गर्न लागेको ठीक साँचो हो।

२. मैले वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को पूर्ण पालना गरी प्रविधि जडान गर्नेछु।

| प्रथम पक्ष (लाभग्राही वा घरधुरी) को |
|---|
| (क) लाभग्राही वा घरधुरीको व्यक्तिगत विवरण |
| लाभग्राहीको नाम, थर(नेपालीमा):<br>..................................................................................<br>लाभग्राहीको नाम, थर(अंग्रेजीमा):<br>..................................................................................<br>नागरिकतामा उल्लिखित ठेगाना<br>जिल्लाः............................<br>म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,..................................... वडा नं....................<br>ना.प्र.नं.: ................. जारी जिल्लाः ...................... जारी मितिः.......................... |

| |
|---|
| जन्म मितिः .......................................<br>सम्पर्क फोन नं. : |
| स्थायी ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा<br>(बसाइसराइको विवरण उल्लेख गर्ने)<br>बसाइसराई प्रमाणपत्र नं. ................................................................<br>बसाइसराइ मिति ........................................................................... |
| लाभग्राहीको फोटो      फोटो |
| वैकल्पिक ऊर्जा प्रणाली सम्झौता-पत्रमा हस्ताक्षर गर्ने अधिकारी/मञ्जुरी प्राप्त व्यक्तिको विवरण<br>(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधी) |
| संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थरः<br>......................................................... |
| स्थायी ठेगाना |
| जिल्लाः.................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पाः ...........................<br>वडा नं.:........................ गाउँ/टोलः................................<br>ना.प्र.नं.: ....................... जारी जिल्लाः ............................<br>जारी मितिः .................... जन्म मितिः ............................ |
| बाजेको नाम, थरः ............................................................................<br>बाबुको नाम, थरः ............................................................................<br>आमाको नाम, थरः ............................................................................<br>लाभग्राहीसँगको नाताः...................................सम्पर्क फोन नं. : ................ |

| |
|---|
| लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप<br>दायाँ    बायाँ<br><br>लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ..........................<br>मितिः- ..................................................... |
| (ख) वैकल्पिक ऊर्जा प्रणाली निर्माण भएको जग्गा वा स्थानको विवरणः<br>कित्ता नं. ................................ क्षेत्रफल......................................वर्ग मिटर<br>ठेगानाः जिल्ला....................... गा.वि.स./न.पा........................................ |
| (ग) साक्षीको नाम, थरः ......................................................................<br>हस्ताक्षरः .................... |

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दोस्रो पक्ष (कम्पनी........................) ले मञ्जुर गरेका शर्तहरू
प्रथम पक्षबाट उल्लेखित शर्तहरू पुरा भएको अवस्थामा वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को पूर्ण पालना गरी निम्न अनुसारको वैकल्पिक ऊर्जा प्रणाली जडान गर्नेछु।

(क) सौर्य ऊर्जा
(ख) वायोग्याँस
(ग) घरायसी वायोग्याँस प्लान्ट
(घ) फोहरवाट ऊर्जामा आधारित वायोग्याँस
(ङ) जैविक ऊर्जा

| | |
|---|---|
| १. कम्पनी सुचिकृत हुनका लागि निवेदन दिने व्यक्ति वा कम्पनीको प्र.प.नं. :<br>सूची दर्ता नं. : | |
| विवरण | |
| (क) नामः | (ख) ठेगानाः |

| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
|---|---|
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं. : |
| कम्पनीको छाप (तीन थान) | |

म कम्पनीले माथि उल्लेख गरेको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

अनुसूची-७

(दफा १३ को उपदफा (९) सँग सम्बन्धित)

**अनुदानका लागि दिइने निवेदनको ढाँचा**

मितिः-........./..../....

श्री कार्यालय प्रमुखज्यू,
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,
................................ जिल्ला ।

बिषयः- अनुदानको रकम उपलब्ध गराई पाउँ ।

वैकल्पिक ऊर्जा प्रणाली अनुदान परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ को दफा ९ को उपदफा (६) बमोजिम मैले छनौट गरेको सम्बन्धित कम्पनीसँग कार्य सम्झौता गरी कार्य सम्पन्न भएको तपसिलमा उल्लेखित विवरण अनुसारको पुष्टयाई गर्ने कागजात संलग्न राखी अनुदानको रकम उपलब्ध गराउन यो निवेदन पेश गरेको छु । उक्त रकम मेरो खातामा जम्मा गरी पाउँ ।

तपसिलः

| | |
|---|---|
| १. अनुदानको रकम पाउनका लागि निवेदन दिने लाभग्राही वा घरधुरीको विवरण | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) निवेदन दिने व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं. : |
| २. अनुदान प्राप्त गर्नका लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) लाभग्राही वा घरधुरीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) बिल तथा कर बिजकको प्रतिलिपि,<br>(ग) विद्युत महसुल तिरेको बिलको प्रतिलिपि, | |

(घ) घरधनी वा नजिकको नाता पर्ने व्यक्ति र वैकल्पिक ऊर्जा प्रणालीको स्पष्ट देखिने गरी खिचिएको फोटो र प्रणाली जडानमा प्रयोग हुने सम्पूर्ण उपकरणहरूको फोटो,

(ङ) बिक्रि पछिको सेवा प्रदान गर्ने सम्झौता पत्रको र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि,

(च) आफ्नो बैंकमा रहेको चेकको प्रतिलिपि (खाता नं. र नामको शुद्धताको लागि)।

**आज्ञाले,**
**संजीव वराल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.१५।-